आजको यस होम विल्ड एक्जिविशनको समापन समारोहका प्रमुख अतिथि कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्री बिदुर कुमार लिङथेपज्यू, संगठनका नितर्वमान अध्यक्ष राकेश सुरानाज्यू, पूर्व अध्यक्षज्यूहरु, अतिथि नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतज्यू, नेपाल उद्योग परिसंघ कोशी प्रदेशका अध्यक्ष पवन शारडाज्यू, मोरङ उद्योग वाणिज्य संघका अध्यक्ष अनुपम राठीज्यू, मोरङ चेम्वर अफ कमर्श, विराट ब्यापार संघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ मोरङका अध्यक्षज्यू तथा प्रतिनिधिज्यूहरु, प्रहरी प्रशासनका प्रमुखज्यूहरु, विभिन्न संघ/संस्थाका प्रमुखज्यूहरु, विभिन्न राजनीतिक दल/ट्रेड युनियनका प्रमुख एवं प्रतिनिधिज्यूहरु, उद्योगी व्यवसायी मित्रहरु, सञ्चारकर्मीज्यूहरु, यस प्रदर्शनीको टाईटल स्पन्सर, सिल्भर स्पन्सर, एशोसिएट स्पन्सरज्यूहरु, प्रदर्शकज्यूहरु लगायत यस समापन समारोहमा उपस्थित सम्पूर्ण महानुभावहरुमा आयोजक उद्योग संगठन मोरङका तर्फबाट हार्दिक अभिवादन गर्दछु ।

उद्योग संगठन मोरङद्वारा आयोजना गरेको घर निर्माण प्रदर्शनी २०८२ सफलतापूर्वक सम्पन्न भएको घोषणा गर्न पाउदा मलाई अत्यन्त हर्ष लागेको छ । कोशी प्रदेशमै पहिलो पटक आयोजना गरिएको यस प्रदर्शनीले घर निर्माण क्षेत्रको समग्र इकोसिस्टमलाई एउटै छानामुनि ल्याउन सफल भएको छ ।

विभिन्न सरोकारवाला निकायहरूसंगको अन्तरक्रिया र सहकार्यका क्रममा हामीले क्षेत्रविशेष एक्स्पोहरूको आवश्यकता महसुस गर्यौं। सोही सोचको पहिलो प्रयासस्वरूप घर निर्माण प्रदर्शनी २०८२ को

आयोजना गरिएको हो। यस प्रदर्शनीले निर्माण क्षेत्रका नेपाली उत्पादन तथा सेवाहरूको प्रवर्द्धन, नवप्रवर्तनको प्रोत्साहन तथा सम्पूर्ण निर्माण इकोसिस्टमलाई सुदृढ बनाई यस क्षेत्रको बजार बिस्तारमा सहयोग पुऱ्याउने हाम्रो उद्देश्यलाई सार्थक बनाएको छ। यसले आगामी दिनमा पनि यस प्रकारको क्षेत्रविशेष प्रदर्शनी गर्न अभिप्रेरित गरेको छ ।

यस प्रदर्शनीमा ८० भन्दा बढी स्टलहरू मार्फत घर निर्माणका लागि आवश्यक जग निर्माण देखि फिनिसिङ सम्मको आधुनिक इन्टेरियर डिजाइनसम्मका विविध सामग्री तथा सेवाहरू प्रदर्शन गरिएका थियो । डिजाइन तथा प्लानिङ, निर्माण सामग्री, स्यानिटरी तथा प्लम्बिङ, विद्युत् तथा ऊर्जा, फर्निचर तथा फिक्स्चर, आन्तरिक सजावट, निर्माण सेवा, प्रविधि तथा नवप्रवर्तन, वित्त तथा बीमा लगायतका सम्पूर्ण क्षेत्रहरूको सक्रिय सहभागिताले यस प्रदर्शनीलाई अझ सफल र सार्थक वनाएको छ ।

“सुरक्षित घर, स्मार्ट जीवन” भन्ने मूल नारासहित आयोजना गरिएको यस एक्स्पोले सुरक्षित, दिगो र आधुनिक घर निर्माणका व्यवहारिक समाधानहरू प्रस्तुत गरेको थियो । यसले उपभोक्ताहरूमा गुणस्तर, दिगोपन र आधुनिक निर्माण अभ्यासबारे चेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको हामीलाइ विश्वास छ ।

यस प्रदर्शनीका क्रममा सञ्चालन गरिएका दैनिक विशेष सत्रहरूले पनि सहभागीहरूलाई अत्यन्त उपयोगी ज्ञान र सीप प्रदान गरेका छन। वाटरप्रुफिङ, सोलार होम, स्मार्ट हाउस, दिगो निर्माण प्रवृत्तिहरू, धमिरा नियन्त्रण, आधुनिक किचन डिजाइन तथा सुरक्षा प्रणालीजस्ता

विषयहरूमा भएका छलफलहरूले निर्माण क्षेत्रलाई थप सशक्त बनाउन योगदान पुऱ्याएको छ ।

यस महत्वपूर्ण उपलब्धिको श्रेय एक्लै संगठनलाई मात्र नभई यसमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने सम्पूर्ण महानुभावहरूलाई जान्छ। यस अवसरमा म टाईटल स्पन्सर, सिल्भर स्पन्सर, एशोसिएट स्पन्सर, सम्पूर्ण प्रदर्शकहरू र सहकार्य गर्नुहुने सबैप्रति धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी यस प्रदर्शनीको सफल वनाउन सहयोग गर्नुहुने प्रहरी प्रशासन, सरकारी निकायहरु, सरोकारवाला निकायहरु, नीजि क्षेत्रका संस्थाहरुका साथै समाचार सम्प्रेशण गरी सहयोग पुऱ्याउनु हुनै सम्पूर्ण सञ्चारमाध्यमहरू, संचारकर्मीज्यूहरु तथा दर्शकहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। तपाईंहरूको सक्रिय सहभागिता र सहयोग बिना यो सफलता सम्भव हुने थिएन।

उपस्तिथ सम्पूर्ण महानुभावहरु
उद्योग संगठन मोरङले विगत ५ दशक भन्दा वढी समय देखि यस क्षेत्रको औद्योगिक विकास तथा निजी क्षेत्रको प्रवर्द्धनमा अग्रपंक्तिमा रही कार्य सम्पादन गर्दै आएको छ । संगठनले निरन्तर द्विवार्षिक रुपमा बिराट एक्स्पो आयोजना गर्दै आएको छ । जसले औद्योगिक विकास, नवप्रवर्तन र उद्यमशीलताको क्षेत्रमा छुट्टै पहिचान बनाइसकेको छ । आगामी वर्षको पौष ९ देखि १८ गते सम्म हुने विराट एक्स्पोको संस्करणलाई अझ भव्य र प्रभावकारी बनाउने हाम्रो प्रतिबद्धता रहेको यस अवसरमा व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, आगामी दिनहरूमा पनि यस्ता क्षेत्रविशेष पहलहरू मार्फत औद्योगिक तथा आर्थिक विकासमा थप योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दै, यहाहरूको निरन्तर साथ र सहयोगको अपेक्षाका साथ विदा चाहन्छु । धन्यवाद ।